## मिति २०८१ फागुन १९ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ३९ औं वैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ३८ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । अघिल्लो वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

सिमान्तकृत समुदायमा पर्ने माझी समुदायको मन्थली नगरपालिकामा पनि उल्लेख्य मात्रामा बसोबास रहेको, मन्थली नगरपालिकामा बसोबास गर्ने माझी समुदायले आफ्नो पर्व लदी पुजा (नदी पुजा) का दिन सार्वजनिक विदा दिनु पर्दछ भन्ने माग सहित नगरपालिकाम ज्ञापन पत्र समेत पेश गरेको सम्बन्धमा माझी समुदायको पर्व लदी पुजा मनाउने यही फागुन २३ गते मंगलबारका दिन माझी समुदायको बस्ती रहेको मन्थली नगरपालिकाका वडा नं. १, २, ६, ७ र ८ नं वडामा सञ्चालित विद्यालयमा स्थानीय पर्व विदा उपलब्ध गराउन सम्बन्धित वडा समितिलाई निर्देशन दिने साथै माझी समुदायले मनाउने लदी पुजाका दिन प्रदेश सरकारले आ-आफ्नो प्रदेशको धर्म संस्कृति र रीतिस्थिति समेतलाई दृष्टिगत गरी घोषणा गर्न सक्ने वर्षको ६ दिन सार्वजनिक विदामा माझी समुदायको लदी पर्वलाई समेत समावेश गरी उक्त दिन प्रदेशभर सार्वजनिक विदा दिने व्यवस्थाका लागि वागमती प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाको_भूउपयोग मापदण्ड २०८१ माथि पेश भएको देहाय बमोजिमको संशोधन प्रस्ताव पारित गर्ने ।

| वुदा नं | हालको व्यवस्था | संसोधनको लागि प्रस्ताव |
|---|---|---|
| बुँदा नं ९ | (क) नगरक्षेत्रमा नेपाल सरकार, उद्योग मन्त्रालयबाट स्वीकृत औद्योगिक ग्राम सञ्चालन कार्यविधि २०७५ बमोजिम कम्तिमा एक वटा औद्योगिक | (क) नगरक्षेत्रमा नेपाल सरकार, उद्योग मन्त्रालयबाट स्वीकृत औद्योगिक ग्राम सञ्चालन कार्यविधि २०७५ बमोजिम कम्तिमा एक वटा औद्योगिक ग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने । |

CamScanner

| बुदा नं | हालको व्यवस्था | संसोधनको लागि प्रस्ताव |
|---|---|---|
| | ग्राम क्षेत्र निर्धारण गरी औद्योगिक क्षेत्रमा वर्गीकरण गर्ने। | (ख) प्रत्येक वडाको स्थालगत अवस्था र सम्भावित अवस्थालाई आकलन गरी वडा समितिले निर्धारण गरिदिएको प्रत्यक वडाको सम्भावित औद्योगिक क्षेत्र। |
| बुँदा नं ११ | सरकारी कार्यालय रहेको स्थान र सम्भावित वजार क्षेत्रमा मुख्य चोकबाट १०० मिटरको परिधीसम्म सडकसँग जोडीएका कित्ताको क्षेत्रलाई व्यवसायिक क्षेत्रमा विभाजन गर्ने सोको लम्बबत (Perpendicular) १०० मिटरको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने। | (क) सरकारी कार्यालय रहेको स्थान र सम्भावित वजार क्षेत्रमा मुख्य चोकबाट १०० मिटरको परिधीसम्म सडकसँग ज़ोडीएका कित्ताको क्षेत्रलाई व्यवसायिक क्षेत्रमा विभाजन गर्ने, सोको लम्बबत (Perpendicular) १०० मिटरको क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।<br>(ख) वडास्तरीय भू-उपयोग समितबाट सिफारिस भई वडा समितिको निर्णय बमोजिम वजार क्षेत्र निर्धारण भएको क्षेत्रलाई वजार क्षेत्रको रुपमा लिने। |
| बुँदा नं १२ | हाल उपयोगमा रहेको आवासीय क्षेत्रको १०० मिटर **परिधिमा** रही तपशिल अनुसार क्षेत्रलाई आवसीय क्षेत्रमा वर्गीकरण गर्ने:<br>(क) मुख्य लोकमार्ग, सहायक लोक मार्ग, जिल्ला सडक र सहरी सडक (कृषि सडक बाहेक) लगायतको सडकको अधिकर क्षेत्रबाट १०० मिटर दुरीमा रहेको जगगा।<br>(ख) ६ मिटर भन्दा वढी र १० मिटर सम्मको चौडाई भएका सडकको किनारा देखि ९० मिटरको दुरीमा रहेको दायाँ बाँयाको जगगा।<br>(ग) ४ मिटर भन्दा वढी ६ मिटरभन्दा कम चौडाई भएका सडकको किनारा देखि ६० मिटरको | हाल उपयोगमा रहेको आवासीय क्षेत्रको १०० मिटर भित्रको **दायाँ बायाँ** रही तपशिल अनुसार क्षेत्रलाई आवसीय क्षेत्रमा वर्गिकरण गर्ने:<br>(क) मुख्य लोकमार्ग, सहायक लोक मार्ग, जिल्ला सडक र सहरी सडक (कृषि सडक बाहेक) लगायतको सडकको अधिकार क्षेत्रबाट ९० मिटर दुरीमा रहेको जग्गा।<br>(ख) ६ मिटर भन्दा वढी र १० मिटर सम्मको चौडाई भऐका सडकको किनारा देखि ७० मिटरको दुरीमा रहेको दायाँ बाँयाको जग्गा।<br>(ग) ४ मिटर भन्दा वढी ६ मिटरभन्दा कम चौडाई भएका सडकको किनारा देखि ५० मिटरको दुरीमा रहेको दाया बायाको जग्गा।<br>(घ) ४ मिटर भन्दा कम वा गोरेटो बाटोको किनारा देखि दायाँ बायाँ २५ मिटरको दुरीमा रहेको जग्गा।<br>(ङ) हाल आवासीय प्रयोगमा रहेको घर जग्गा। |

| बुदा नं | हालको व्यवस्था | संसोधनको लागि प्रस्ताव |
|---|---|---|
| | दुरीमा रहेको दाया बायाको जग्गा।<br>(घ) ४ मिटर भन्दा कम वा गोरेटो बाटोको किनारा देखि दायाँ बायाँ ३० मिटरको दुरीमा रहेको जग्गा।<br>(ङ) हाल आवासीय प्रयोगमा रहेको घर जग्गा।<br>(च) राजकुलोको दायाँ बायाँ ३० मिटर दुरीमा रहेको जग्गा। | (च) राजकुलोको दायाँ बायाँ ३० मिटर दुरीमा रहेको जग्गा। (यो व्यवस्था मन्थली नगरपालिका वडा नं १ र वडा नं. १३ को देविटार मिल्तीखोला सम्मको क्षेत्रका लागि मात्र लागू हुने छ)।<br>(छ) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सडकको दायाँबायाँ जंगल, भिर, नदीनाला लगायत प्राकृतिक र प्राविधिक कारणबाट उयुक्त नभएको क्षेत्र आवास क्षेत्र हुने छैन। |
| बुँदा नं १५ | कुनै कित्ता दुई वा दुईभन्दा बढी क्षेत्रमा परेको खण्डमा निम्न प्राथमिकता क्रम बमोजिम कुनै एक क्षेत्रमा वर्गिकरण गर्ने:<br>(क) व्यवसायिक क्षेत्र<br>(ख) आवासीय क्षेत्र<br>(ग) औद्योगिक क्षेत्र<br>(घ) कृषि क्षेत्र<br>(ङ) सार्वजनिक उपयोगको क्षेत्र | कुनै कित्ता दुई वा दुई भन्दा वढी क्षेत्रमा परेको खण्डमा भू-उपयोग नियमावली (पहिलो संसोधन) २०८० को नियम ४ (ग) बमोजिम स्थानीय भू-उपयोग परिषदबाट जग्गा वर्गीकरण गरी प्रत्येक कित्ताको विवरण तयार गर्दा कुनै कित्ता दुई वा सो भन्दा वढी भू-उपयोग क्षेत्रमा पर्ने भएमा त्यस्तो कित्ताको जति क्षेत्रफल जुन वर्गीकरणमा पर्ने हो सोही वर्गीकरणमा समावेश गरी भूउपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने र त्यस्तो कित्ताको विवरणको कैफियत महलमा क्षेत्रफल समेत खुलाई सो व्यहोरा जनाउनु पर्नेछ। त्यस्तो जगाको वर्गीकरण बमोजिम कित्ताकाट हुने भएमा सोही बमोजिम कित्ताकाट गरी नक्सा स्रेस्ता अध्यावधिक गर्नु पर्नेछ। |

**द्रष्टव्य:** सहरी विकास मन्त्रालयबाट जारी वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७८ मा भवन निर्माणका लागि निषेध गरिएका क्षेत्रहरु आवासीय क्षेत्रमा वर्गिकरण गरिने छैन।

**निर्णय नं. ४**

वागमती प्रदेश सरकारको सहयोगमा चालु आ.व. २०८१/८२ मा सञ्चालन हुने दलित सशक्तिकरण कार्यक्रमका लागि पेश गरिएको प्रस्तावका आधारमा प्रदेश सरकारबाट प्राप्त रु ४००००० (चार लाख

रुपैया) र नगरपालिकाले साझेदारी स्वरुप रु व्यहोर्ने ८०००० (असी हजार रुपैया ) समेतबाट देहाय बमोजिमका वडाहरुमा देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने ।

(क) सिप विकास तथा प्रविधी हस्तान्तरण कार्यक्रम मनपा १ र ११

(ख) उद्यमशिलता तालिम मनपा ४ र ५

**निर्णय नं. ५**

मन्थली नगरपालिकाको बाल संरक्षण कार्ययोजना २०८१ पारित गर्ने ।

**निर्णय नं. ६**

मन्थली नगरपालिकाको आधारभुत तह परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन निर्देशिका २०७६ माथिको देहाय बमोजिमको संशोधन प्रस्ताव पारित गर्ने ।

| बुँदा नं. | हाल भएको प्रावधान | संशोधित प्रावधान | कैफियत |
|---|---|---|---|
| ६ | परीक्षा समितिले कक्षा ८ को परीक्षा सम्बन्धमा भौगोलिक अवस्था हेरी सम्भव भएसम्म विद्यालय परिवर्तन गरी परीक्षा केन्द्र निर्धारण गर्न सक्नेछ । | परीक्षा समितिले कक्षा ८ को परीक्षा सञ्चालन गर्दा सम्बन्धित विद्यालय नै केन्द्र तोक्नु पर्नेछ ।<br>परीक्षा केन्द्रमा रहने केन्द्राध्यक्ष र निरीक्षक भने परीक्षा केन्द्र रहेका भन्दा वाहिरका विद्यालयका शिक्षकहरु नियुक्त गर्नु पर्नेछ | |
| बुँदा नं. ७ (ख) (ई) | | बुँदा नं. ७ (ख) (ई) हटाईएको छ । | |